आज मिति २०७६ चैत्र ०७ गते यस वेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा बसि निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी
२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल
३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ
४. वडा अध्यक्ष श्री टंक बहादुर थापा
५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी
६. वडा अध्यक्ष श्री गुणराज उप्रेती
७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल
८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर
९. वडा अध्यक्ष श्री हिरालाल थपलिया
१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ
११. वडा अध्यक्ष श्री सुरेश मल्ल
१२. वडा अध्यक्ष श्री अम्वर बहादुर गुरुङ
१३. कार्यपालिका सदस्य श्री कमला राना मगर
१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर
१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती
१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी
१७. कार्यपालिका सदस्य श्री राम बहादुर बराम
१८. प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत

लेखा अधिकृत श्री सन्तोष अर्याल
सुचना अधिकारी श्री परशुराम घिमिरे

Scanned with CamScanner

निर्णय नं. १

कोरोना भाइरस (कोभिड १९) विश्वव्यापी महामारीको रुपमा फैलिएको र सो वाट यस गाउपालिका समेत अछुतो रहन नसक्ने भएकोले हुन सक्ने संक्रमणवाट वच्न देहाय वमोजिम गर्ने गराउने निर्णय गरियो ।

देहाय

१. यस गाउपालिकाको कोषवाट सञ्चालित सवै योजना कार्यक्रमहरुको काम जे जुन अवस्थामा छन चैत्र मसान्त सम्मको लागि सवै सोहि अवश्थामा रोक्का राख्ने ।
२. चैत्र मसान्त सम्मको लागि गाउपालिकावाट हुने योजना तथा कार्यक्रमहरुको भुक्तानी रोक्का राख्ने ।
३. गाउपालिका भित्र हुन सक्ने कालोवजारी, जम्माखोरीलाई नियन्त्रण गर्न वजार अनुगमनलाई नियमित गर्ने, दैनिक उपभोग्य सामग्री, पेट्रोलियम पदार्थ, औषधि अभाव हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
४. गाउपालिका भित्रका सवै शैक्षिक सस्थाहरु, सास्कृतिक केन्द्रहरु खेलस्थत, स्वीमिडपुल मनोरञ्जन स्थल चैत्र मसान्त सम्मको लागि वन्द गर्ने ।
५. औपचारिक कार्यक्रम तालिम, वैठक, सभा समारोह तथा २५ जना भन्दा वढि मानिसहरुको जमघट हुने कूनै पनि कार्यक्रम सञ्चालन नगर्ने ।
६. धार्मिक तथा सास्कृतिक स्थलमा २५ जना भन्दा वढी एकैसाथ उपस्थित नहुने ।
७. गाउपालिका, सवै वडा कार्यालयहरु, स्वास्थ्य सस्थाहरु तथा अन्य कार्यालयहरुमा कार्यालय भवन तथा परिसर नियमित रुपमा सरसफाई गर्ने तथा कार्यालय प्रवेशद्धारमा अनिवार्य रुपमा सेनिटाइजर वा सावुन पानीले हात धोएर मात्र कार्यालयमा प्रवेश गर्ने वातावरण मिलाउने ।
८. कसैसंग अभिवादन गर्नुपर्दा नमस्कार गर्ने हात नमिलाउने ।
९. अत्यावस्यक कामवाहेक घरवाहिर ननिस्कने र निस्कनै पर्ने भएका मास्कको प्रयोग गर्ने ।
१०. फ्लुको लक्षण तथा चिन्ह देखा परेमा नजिक रहेको स्वस्थ्यमा सम्पर्क राख्ने ।
११. कोरोना संक्रमित राष्ट्रवाट आएका नागरिकलाई कम्तिमा १४ दिन सेल्फ क्वारेन्टाइनमा राख्ने/वस्न अनुरोध गर्ने ।
१२. खोक्दा वा हाच्छियु गर्दा अनिवार्य रुपमा रुमालको प्रयोग गर्ने वा मुख छोप्ने ।
१३. जंगलि पशुको समपर्कवाट टाढा रहने, मासु तथा अण्डा राम्रो संग पकाएर मात्र खाने ।
१४. गाउपालिका वडा नं. ३ मा रहेको राजमार्ग सामुदायिक अस्पताल संगै आइसोलेसन वार्डको व्यवस्था गर्ने र आवश्यकता अनुसार क्वारेन्टाइन स्थल तोकने ।

निर्णय नं.२

कमेडि च्याम्पियन २०७६ मा धादिडवाट सहभागी हिमेश पन्तलाई भोट गर्न अनुरोध भै आएकोले इ सेवावाट रु ५१०००।- वरावरको भोट गरिएकोमा सो रकम लजिक कम्प्युटरलाई भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ३

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाई स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्रको कोरोना भाइरस (कोभिड १९) सम्बन्धि पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धि निर्णयानुसार यस गाउपालिकामा स्थानीय समन्वय समिति गठन गर्ने र सो समितिमा नेपाल रेडक्रस सोसाईटि धुपा उपशाखाका अध्यक्ष श्री जिवन घिमिरे र निम्न स्थानीय समाजसेवीहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

१. श्री कृष्ण बहादुर थपलिया

२. श्री ऋषिनाथ त्रिपाठी

३. श्री शालिकराम सिलवाल

४. श्री संगिता पाण्डे विसुराल

५. श्री प्रेमनाथ कडेल

निर्णय नं. ४

यस वेनीघाट रोराङ गाउपालिकाका दशै वडामा निम्नानुसारको वडा समन्वय समितिको गठन गरी कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका लागि आवश्यक प्रचार प्रसारका कार्यहरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

गाउपालिकाका निम्न योजना तथा कार्यक्रमहरु आ.व. २०७७/०७८मा समपुरक अनुदान र विशेष अनुदानवाट सञ्चालनको लागि प्रदेश सरकार वागमति प्रदेशसंग माग गर्ने र समपुरक अनुदानको ५० प्रतिशत रकम गाउपालिका कोषवाट व्यहोर्ने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ

१.ताल्ती सिमटार सडक निर्माण आयोजना वेनीघाट रोराङ १,२

२. चगैदी जनगाउ सडक निर्माण आयोजना वेनीघाट रोराङ ५

३. खटौटी पिपलडाडा चैलिङ सडक निर्माण आयोजना वेनीघाट रोराङ ९,८

४. मासखर्क सडक निर्माण आयोजना वेनीघाट रोराङ २

५. सलाङघाट रिचोक सडक निर्माण आयोजना वेनीघाट रोराङ ३,४

विशेष अनुदान तर्फ

१. विदाङ खानेपानी योजना वेनीघाट रोराङ ८

२. चगैदी देविटार माइटार, चैनपुर खानेपानी योजना वेनीघाट रोराङ ५

३. पिछडिएका वर्ग चेपाङ र दलित समुदायमा बाखा पालन खोर व्यवस्थापन कार्यक्रम

४. सिमान्तकृत चेपाङ समुदाय पोषण पुनस्थापना केन्द्र स्थापना

वेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner